# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

## (टिप्पणी र आदेश)

विषय:-

श्री निर्देशक ज्यू
सामान्य सेवा विभाग।

नेपाल सरकार, गृह मन्त्रालयबाट मिति २०८१/११/१५ को राजपत्रमा प्रकाशित सूचना बमोजिम २०८२ सालमा दिइने विभिन्न किसिमका सार्वजनिक विदाहरु तथा कार्यालय समयको सम्बन्धमा नेपाल विद्युत प्राधिकरण र अन्तर्गतका कार्यालयहरुमा समेत लागू गर्न निर्णय गर्नुपर्ने भएकोले ने.वि.प्रा. कर्मचारी सेवा शर्त विनियमावली, २०७५ (संसोधन सहित) को विनियम ७५ बमोजिम प्राधिरणका कर्मचारीहरुलाई नेपाल सरकारले निर्धारण गरे बमोजिम सार्वजनिक विदा उपलब्ध गराउन उक्त निर्धारित विदालाई प्राधिकरणबाट सम्वोधन स्वीकृति गर्न तथा नेपाल विद्युत प्राधिकरणले आफ्नो बार्षिक उत्सव भाद्र १ गते तथा विश्वकर्मा पुजा असोज १ गते मनाउने हुँदा उक्त दिनमा १ पटक विद्युतिय हाजिरिको व्यवस्था मिलाउनु पर्ने हुदाँ पेश भए बमोजिम हुने गरि आवश्यक निर्णयको लागि सिफारिस साथ अनुरोधछ।

२०८१/११/२०
जमुना कुमारी खड्का
सह-निर्देशक
सामान्य प्रशासन महाशाखा

श्री उपकार्यकारी निर्देशकज्यू,
प्रशासन निर्देशनालय

पेश भए अनुसार नेपाल सरकार गृह मन्त्रालयबाट मिति २०८१/११/१५ गतेको राजपत्रमा प्रकाशित सूचना बमोजिम ~~सं~~ वि.सं. २०८२ सालमा दिइने सार्वजनिक विदाहरु तथा कार्यालय समयको सम्बन्धमा ने.वि.प्रा. र अन्तर्गतका सम्पूर्ण कार्यालयहरुका समेत लागु हुने तथा ने.वि.प्रा. को वार्षिकोत्सव एवं विश्वकर्मा पूजाको दिन १ (एक) पटक मात्र विद्युतीय हाजिर गर्न सकिने व्यवस्था श्री कार्यकारी निर्देशकज्यू, ने.वि.प्रा. बाट स्वीकृत हुन मनासिब देखिएकोले निर्णयार्थ पेश गर्दछु।

०८१/११/२०
शिवपु. आचार्य
निर्देशक

२०८१।११।२१

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

## (टिप्पणी र आदेश)

**विषय**:- वि.सं. २०८२ सालको सार्वजनिक बिदा सम्बन्धमा ।

मिति : २०८१/११/२०

श्री महाशाखा प्रमुखज्यू,
सामान्य प्रशासन महाशाखा ।

उपरोक्त सम्बन्धमा नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा, शर्त विनियमावली,२०७५ (संशोधन सहित) को विनियम ७३ मा "प्राधिकरणका कर्मचारीलें, नेपाल सरकारले निर्धारण गरे बमोजिमको सार्वजनिक बिदा पाउनेछन्" भन्ने व्यवस्था रहेको छ । २०८२ साल वैशाख १ गतेदेखि २०८२ चैत मसान्तसम्म एक वर्ष भरीमा सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायका लागि सार्वजनिक बिदा एवं कार्यालय समय निर्धारण सम्बन्धी नेपाल सरकार, गृह मन्त्रालयले मिति २०८१/११/१५ गतेको राजपत्रमा प्रकाशित सूचना अनुसार नेपाल विद्युत प्राधिकरणमा कार्यरत कर्मचारीहरुलाई २०८२ वैशाख १ गतेदेखि २०८२ चैत मसान्तसम्म देहाय बमोजिम सार्वजनिक बिदा दिन आवश्यक भएकोले श्री कार्यकारी निर्देशकज्यूबाट स्वीकृतिका लागि सिफारिस साथ पेश गरेको छु ।

<u>नेपाल विद्युत प्राधिकरणका, नेपाल भरमा रहेका कार्यालयहरुमा वि.सं.२०८२ सालमा दिईने सार्वजनिक बिदाहरु</u> :-

१. <u>वर्षभरीका शनिबार बिदा</u>

क) वैशाख-६, १३, २०, २७ (४ दिन)
ख) जेठ- ३, १०, १७, २४, ३१ (५ दिन)
ग) असार- ७, १४, २१, २८ (४ दिन)
घ) साउन- ३, १०, १७, २४, ३१ (५ दिन)
ङ) भदौ- ७, १४, २१, २८ (४ दिन)
च) असोज- ४, ११, १८, २५ (४दिन)
छ) कात्तिक- १, ८, १५, २२, २९ (५ दिन)
ज) मङ्सिर- ६, १३, २०, २७ (४ दिन)
झ) पुस- ५, १२, १९, २६ (४ दिन)
ञ) माघ- ३, १०, १७, २४ (४ दिन)
ट) फागुन- २, ९, १६, २३, ३० (५ दिन)
ठ) चैत- ७, १४, २१, २८ (४ दिन)

२.<u>पर्व बिदाहरु</u>:-

२.१ मुलुक भरी सार्वजनिक बिदा हुने पर्वहरु :

क) नव वर्ष - वैशाख १ गते सोमबार ।

ख) चण्डी पूर्णिमा (वैशाख पूर्णिमा), बुद्ध जयन्ती, राई, लिम्बू, याक्खा, सुनुवार लगायतका किराँतसमुदायको उभौली पर्व - वैशाख २९ गते सोमबार ।

ग) रक्षाबन्धन- साउन २४ गते शनिवार ।

घ) श्रीकृष्ण जन्माष्टमी -साउन ३१ गते शनिबार

ङ) घटस्थापना असोज ६ गते सोमबार

च) दशैं बिदा-असोज १३ गते सोमबारदेखि असोज १८ गते शनिबारसम्म (फूलपातीदेखि द्वादशीसम्म) ।

छ) तिहार बिदा - कात्तिक ३ गते सोमबारदेखि कात्तिक ७ गते शुक्रबारसम्म ।
(लक्ष्मीपूजादेखि भाइटिकाको भोलिपल्टसम्म)

ज) छठ पर्व- कात्तिक १० गते सोमबार ।

नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

(टिप्पणी र आदेश)

विषय:-

झ) धान्य पूर्णिमा, किराँत समुदायकोको उधौली पर्व, योमरी पुन्हि(ज्यापू दिवस-मंसिर १८ गते बिहीबार ।

ञ) इसाई धर्मावलम्बीहरुको पर्व क्रिसमस डे (डिसेम्बर २५ तारिख)- पुस १० गते बिहीबार ।

ट) तमू ल्होछार- पुस १५ गते मंगलबार ।

ठ) माघी पर्व /माघे संक्रान्ति -माघ १ गते बिहीबार

ड) सोनम ल्होछार- माघ ५ गते सोमबार ।

ढ) महाशिवरात्री-फागुन ३ गते आइतबार ।

ण) ग्याल्पो ल्होछार फागुनं ६ गते बुधबार ।

त) इस्लाम धर्मावलम्बीहरुको पर्व ईद (ईद उल फित्र) का दिन ।

थ) इस्लाम धर्मावलम्बीहरुको पर्व बकर ईद (ईद उल अजहा) का दिन ।

द) फागुपूर्णिमा- हिमाली र पहाडी जिल्ला लगायतका ५६ जिल्लाहरुमा फागुन १८ गते सोमबार र देहायका तराई जिल्लाहरुमा फागुन १९ गते मंगलबार ।

(झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी(बर्दघाट सुस्ता पूर्व), नवलपरासी(बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलबस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर )

ध) राम नवमी चैत १३ गते शुक्रबार ।

**२.२ सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र सार्वजनिक बिदा हुने पर्वहरु:**

क) गाई जात्रा - साउन २५ गते आइतबार (देशभरका नेवार समुदायका लागि मात्र) ।

ख) गौरा पर्व - भदौ १५ गते आइतबार ।

ग) सिरुवा पावनीको दिन (सो पर्व मनाउने झापा, मोरङ्ग, सुनसरी, सिरहा, र सप्तरी जिल्लाहरुमा)

**३. महिला कर्मचारीहरुको लागि मात्र हुने बिदा**

क) हरितालिका(तीज) ब्रत- भदौ १० गते मंगलबार ।

ख) जितिया पर्व- भदौ ३० गते सोमबार (जितिया पर्व मनाउने महिला कर्मचारीहरुको लागि मात्र)

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

## (टिप्पणी र आदेश)

विषय:-

४) जात्रा बिदा (काठमाण्डौ उपत्यकालाई मात्र)

क) गाईजात्रा- साउन २५ गते आइतबार ।

ख) इन्द्रजात्रा- भदौ २१ गते शनिबार ।

ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा (सो जात्रा हुने दिन) ।

घ) घोडेजात्रा- चैत ४ गते बुधबार

५) दिवस बिदा

५.१ मुलुकभरी सवैलाई हुने सार्वजनिक विदाहरु :

क) विश्व मजदुर दिवस (मे १) - वैशाख १८ गते बिहीवार ।

ख) गणतन्त्र दिवस - जेठ १५ गते बिहीबार ।

ग) संविधान दिवस (राष्ट्रिय दिवस) - असोज ३ गते शुक्रबार ।

घ) सहिद दिवस - माघ १६ गते शुक्रबार ।

ङ) राष्ट्रिय प्रजातन्त्र दिवस - फागुन ७ गते बिहीबार ।

च) अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८) - फागुन २४ गते आइतबार ।

५.२ अपाङ्गता भएका कर्मचारीहरुको लागि मात्र :

क) अन्तर्राष्ट्रिय अपाङ्गता दिवस (डिसेम्बर ३)-मंसिर १७ गते बुधबार (अपाङ्गता भएका नेपाल भित्रका सम्पूर्ण कर्मचारीहरुको लागि मात्र) ।

६) जन्म जयन्ती बिदा

६.१ मुलुकभरि सबैलाई हुने सार्वजनिक जयन्ती बिदा :

क) वुद्ध जयन्ती- वैशाख २९ गते सोमबार ।

ख) पृथ्वी जयन्ती(राष्ट्रिय एकता दिवस)-पुस २७ गते आइतबार ।

६.२ सम्बन्धित धर्मावलम्बीहरुका लागि मात्र :

क) फाल्गुनन्द जयन्ती- कात्तिक २५ गते मंगलबार (किराँत धर्मावलम्वीहरुका लागि ) ।

ख) मोहम्मद जयन्तीका दिन (नेपाली मुस्लिम धर्मावलम्वीहरुका लागि) ।

ग) गुरु नानक जयन्तीका दिन(नेपाली सिख धर्मावलम्वीहरुका लागि) ।

७) राष्ट्रिय रुपमा मनाइने तर कार्यालय खुल्ने प्रकृतिका दिवसहरु

क) जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस - जेठ २१ गते बुधबार ।

११।२०

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

## (टिप्पणी र आदेश)

विषय:-

८) सार्वजनिक सेवा प्रवाह सम्बन्धी विशेष व्यवस्था

८.१ प्रकरण २.१ अन्तर्गतका पर्व बिदा मध्ये खण्ड (ख) को उभौली पर्व, चण्डी पूर्णिमा (वैशाख पूर्णिमा), खण्ड (ग) को रक्षाबन्धन, खण्ड (घ) को श्रीकृष्ण जन्माष्टमी, खण्ड(ङ) को घटस्थापना, खण्ड (झ) को धान्य पूर्णिमा, उधौली पर्व, योमरी पुन्हि(ज्यापू दिवस )खण्ड (ञ) को क्रिसमस डे, खण्ड (ट) को तमू ल्होछार, खण्ड (ठ)को माघी पर्व / माघे संक्रान्ति, खण्ड(ड)को सोनम ल्होछार, खण्ड(ढ)को महाशिवरात्री, खण्ड (ण) को ग्याल्पो ल्होछार खण्ड(त)को ईद(ईद उल फित्र) खण्ड (थ)को बकर ईद(ईद उल अजहा) प्रकरण ४ को जात्रा बिदा अन्तर्गतका गाई जात्रा, इन्द्र जात्रा, मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा र घोडे जात्रा बिदा, प्रकरण ५ अन्तर्गतका सार्वजनिक दिवस बिदा मध्ये खण्ड(ख) को गणतन्त्र दिवस, खण्ड (घ) को सहिद दिवस, खण्ड(ङ)को राष्ट्रिय प्रजातन्त्र दिवस, खण्ड(च)को अन्तर्राष्ट्रिय महिला दिवस र प्रकरण ६ को जन्मजयन्ती बिदा अन्तर्गतका, बुद्ध जयन्ती र पृथ्वी जयन्ती(राष्ट्रिय एकता दिवस) बिदाका दिनमा देहायका सार्वजनिक सेवा प्रवाह गर्ने सम्बन्धित मन्त्रालय वा निकायले आवश्यक प्रबन्ध मिलाउनु पर्नेछ ।

क) नागरिकता सम्बन्धी सेवा

ख) राहदानी सम्बन्धी सेवा

ग) कन्सुलर सम्बन्धी सेवा

घ) भन्सार तथा राजस्व सम्बन्धी सेवा (राजस्व अनुसन्धान समेत)

ङ) क्वारेन्टाइन सम्बन्धी सेवा

च) सवारी अनुमति पत्र, सवारी साधन दर्ता तथा नवीकरण लगायतका यातायात व्यवस्थापन सम्बन्धी सेवा

छ) उद्योग बाणिज्य तथा कम्पनी प्रशासन सम्बन्धी सेवा

ज) वैदेशिक रोजगार सेवा

झ) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण सम्बन्धी सेवा,

ञ) मालपोत तथा नापी सम्बन्धी सेवा

ट) स्थानीय तहबाट प्रवाह हुने सार्वजनिक सेवा

ठ) भेटेरिनरी सम्बन्धी सेवा

ड) खानेपानी सम्बन्धी सेवा

**ढ) विद्युत सम्बन्धी सेवा**

ण) सडक तथा ढल मर्मत संभार सम्बन्धी सेवा

त) खाद्य गुणस्तर परीक्षण

थ) विभिन्न निकाय तथा शिक्षण संस्थाबाट संचालन हुने परिक्षा सम्बन्धी कार्य

द) वैदेशिक अध्ययन अनुमति(NOC) सम्बन्धी सेवा

ध) नेपाल प्रहरीबाट प्रदान गरिने चारित्रिक प्रमाणपत्र सम्बन्धी सेवा

न) सम्बन्धित मन्त्रालय वा निकायले तोकेका सार्वजनिक सेवा संग सम्बन्धित अन्य सेवा

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

## (टिप्पणी र आदेश)

विषय:-

प) प्रदेश सरकार र स्थानीय तहले तोकेका सार्वजनिक सेवा प्रवाह सम्बन्धि अन्य सेवा

फ) बैङ्किङ्ग तथा बीमा सम्बन्धी कारोबार ।

**८.२ प्रकरण ८ बमोजिम सेवा प्रवाह गर्न खटिने कर्मचारीले त्यसरी खटिए वापत सट्टा बिदा पाउनेछन् ।**

९) <u>कार्यालय समय</u>

क) नेपाल राज्यभरका नेपाल विद्युत प्राधिकरणका सबै कार्यालयहरुमा वैशाख १ गतेदेखि कात्तिक १५ गतेसम्म तथा माघ १६ गतेदेखि चैत मसान्तसम्म विहान १०:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म र कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म विहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म हुने ।

ख) शुक्रबारको हकमा विहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म हुने ।

द्रष्टव्य:-

क) "आधा दिन" भन्नाले कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म तीन महिनाको लागि दिनको १:०० बजे र माघ १६ गतेदेखि कात्तिक १५ गतेसम्म दिनको १:३० बजेसम्म सम्झनु पर्दछ ।

ख) खाजा समय: दिउँसो १:३० देखि २:०० बजे सम्म कार्यालयको सेवा प्रवाहमा बाधा नपर्ने गरी आलो पालो मिलाई सम्बन्धित कार्यालयले आधा घण्टाको समय तोक्न सक्ने ।

ग) नेपाल विद्युत प्राधिकरणको वार्षिकोत्सव-भाद्र १ गते आइतबार र बिश्वकर्मा पूजा-आश्विन १ गते बुधबारका दिन एक समय हाजिरी गरेकोलाई पूरा समय मानिने छ ।

घ) प्रदेश सरकारले घोषणा गरेका सार्वजनिक बिदाहरुमा सम्बन्धित प्रदेशमा रहेका विद्युत प्राधिकरणका कार्यालयमा मात्र बिदा हुनेछ तर काठमाडौ उपत्यकाको तीन जिल्लाको हकमा नेपाल सरकार गृह मन्त्रालयको निर्णण बमोजिम हुनेछ ।

ङ) नेपाल सरकारले आकस्मिक रुपमा बिदाको घोषणा गरे नेपाल विद्युत प्राधिकरणको अति आवश्यक कार्य हुने नोलाईट, इर्मजेन्सी, विद्युत गृह, सवस्टेशन आदिको कार्य यथावत् संचालन हुने गरि नेपाल भरिका ने.वि.प्रा. कार्यालयहरुमा बिदा हुने ।

७९।१।२०

(धुवराज प्रसाई)

प्रशासकीय अधिकृत